सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्ष :५ अंक १२२ २०८० साल, पौष २८ गते आईतबार Sunday 14 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## बारामा बालिका बलात्कारको आरोपमा प्रहरीद्धारा ढौँगी तान्त्रिक मण्डल पक्राउ

***शुभम सन्देश,***
***कलैया २८ पौष***

झारफुकको अन्धविश्वासमा परेर बारामा सर्लाही जिल्ला बरहथवाकी नाम परिवर्तन ( इसा ) बालिका गुरुजी भनिने तान्त्रिकबाट बलत्कृत भएकी छन्। बारा जिल्लाको महागढीमाई नगर पालिका -२ का झाँक्रि आकाश मण्डललाई १३ वर्षिय एक बालिका बलात्कारको आरोपमा बारा प्रहरीले प्रकाउ गरेको छ ।




महागढीमाई नगरपालिका -२ रामनाकामना माई मन्दिर छेउमा ठुलो पोष्टर लगाई कुनै पनि महिला २० वर्षसम्म सन्तान नपाएकोलाई ठोकुवाका साथ बच्चा पाउने प्रचार बाजी सोसल मिडिया समेतमा गर्ने को पाईन्छ। शनिवार दिउँसो करिब पवने दुई बजे पेट दुखेको भन्दै उपचार गराउन साना भाइ सहित नाम परिवर्तन वुवा सिक्रमले ठुलो धामी रहेको नाम सुनी निको पार्न ल्याएका थिए ।

बुवालाई गढिमाई मन्दिरमा अक्षता ल्याउन पठाएका थिए भन्ने बालिकासँगै रहेका भाईलाई बाहिर निकाली झारफुकको आडमा बात्कार गरेको पिडितका वुवाले सञ्चरकर्मीलाई बताए काछन् ।

छोरी बलत्कृत भएको लुकाउन अक्षता लिएर आए लगतै सात वटा निम्बु र सातरंगको धागा ल्याउन अह्राए लगतै दौडि दौडि बजारबाट धागा लिएर आएपछि छोरी रोईरहेको पिडितको बुवाको बताए । छोरी किन रोएकी सोध्दा पिडित बालिका आमालाई फोन गरेर आफलाई आकाश मण्डल ओझाले बलात्कार गरेको रहस्य खोलेकी पिडितको वुवाको भनाई रहेको छ । घटना उजागर भए पछि पिडित र उसको वुवालाई घटना सामसुम गर्न लोभ लालच र धम्कि समेत दिईरहेका थिए। गलति भयो भन्दै केहि नभन्नु भन्दै अक्क नबक्क भएका पिडित परिवारलाई लुछाचुडि गरि पिसाब फेर्ने बहानामा झार्की मण्डल फरार भएका थिए ।

विडम्बना अन्धविश्वासको हेर्नुस त कानुनले वर्जित तन्त्रमन्त्र खुल्याम रुपमा मन्दिर नीर एउटा घरमा यसरी धन्धा चलाईरहेका थिए। प्रहरी पनि त्यहि छन्। थुप्रै मानिस भिडको साक्षि बनि रहे। हु हल्ला भयो, विवाद सम्वाद लामो चल्यो तर घटना स्थलका सुरक्षाकर्मी बेखबर भए । पिडित परिवार बालिका बलत्कृत भएको घटनाको उजुरी प्रहरीमा लिएर पुगेपछि वेलुका प्रहरीको एक्सनमा लुकिछिपि भाग्दै गरेका तान्त्रिक ढोंगि मण्डल पक्राउमा परे। उजुरी आएको छ, पिडित बालिकाको स्वास्थ्य परिक्षण गराईएको छ, आरोपित झाँक्रि आकाश मण्डललाई पक्राउ गरि अनुसन्धान भईरहेको बारा प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरिक्षक दधिराम न्यौपानेले जनाए ।

आरोपित तान्त्रिक मण्डल हप्ताको प्रत्येक आईतवार टेका लगाउने गरेकका थिए। चिकित्सा प्रणालीलाई

**बाँकी तेस्रो पृष्ठमा........**

**जाडोको समयमा चिसो बाट बचौ ।**

- **जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।**
- **न्यानो कपडा लगाऔं ।**
- **घर तथा कोठा न्यानो बनाऔं ।**
- **कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।**
- **बालबालिकालाई तेल मालिस गरिदिऔं ।**
- **बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।**
- **चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।**
- **दैनिक घाम ताप्ने गरौं ।**

**परवानीपुर गाउँपालिकाको**
**कार्यालय ,लिपनीमाल ,बारा**

## एसपी देखि डीआइजी सम्मको सेटिङ्गगमा मुसहर्वा नाकाबाट तस्करी

***शुभम सन्देश,***
***कलैया २८ पौष***

विश्रामपुर सम्वाददाता

बाराको विश्रामपुर गाउँपालिकाको मुसहर्वा नाका बाट प्रहरीकै सेटिङ्गगमा ब्यापक तस्करी फस्टाएको छ । उक्त नाका भएर भारतबाट नेपाल तर्फ मोटर साइकल र साईकलमा ल्याएर टेक्टर मा नै चिनी धान र चामलको तस्करी गराउने कार्य नेपाल प्रहरी र सशस्त्र प्रहरीको मिलोमतोमा एस पी देखि डीआइजी सम्मको सेटिङ्गगमा सुरु भएको समेत तस्करी फस्टाएको स्थानियहरु प्रत्यक्षदशीहरुले जानकारी गराएको छ ।

केही स्थानिय जनप्रतिनिधि तथा पुराना केही जनप्रतिनिधिहरुको घरकै सदस्यहरु तस्करीको लाइन मिलाउन प्रहरी चौकी इन्र्चाज शिव प्रसाद यादव गण्डक प्रहरी चौकिका घुमुवा भागरित महतो केवट र जिल्ला प्रहरी कायालय बाराका घुमुवा अजय पटेललाई मोटो रकम दिएर जिल्ला प्रहरी कार्यालय बारा र पर्सालाई मिलाएको छ । राजनितिक पहुच र पैसाको बलमा अनुसार आफुहरु तलदेखि माथि सम्म सेटिङ्ग गरि सबै मिलाएकोले दिनरात हामी मालसमान ओसार पसार गर्छौं ।

नेता तथा जनप्रतिनिधि समेतलाई दैनिक र मासिक रुपौया बुझाई तस्करहरुले आफनो टीममा बाउन्सर समेत राखेर दिनरात तस्करी गराउदै आएको स्थानियहरु बताउछन् ।

यता आफनो मातहदमा रहेको कुनै पनि प्रहरी पोष्टलाई वा कुनै पनि प्रहरीले तस्कर संग







छ ।बारा प्रहरीलाई मोटो रमक दिइ राजनितिक संरक्षणमा महिनौ देखि सो नाकाबाट टेक्टरमा नै धान र चामल र चिनीको तस्करी सँगै बोराका बोरा काजु र किसमिसको एसपी र डीआइजी समेतलाई मिलाएर चिनी,काजु किस्मीस धान र चामल लगायत मेसिनरी पार्टपुर्जा र सुती कपडाको समेत तस्करी हुने गरेको स्थानियहरु बताउछन्। प्रत्यक्षदर्शीका नमिलेको तथा खुल्ला सिमान भएकै कारण दैनिक उपभोगका समान लुकाई छिपाइ नेपाल आउने गरेको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपाने बताउछन् ।

## बारामा करिब ६ लाख मूल्य बराबरको चामल पक्राउ



**विश्रामपुर सम्वाददाता**

बारा प्रहरीले करिब ६ लाख मूल्य बराबरको चामल नियन्त्रणमा लिएको छ । बाराको पथलैयाबाट खटिएको प्रहरीको गस्ती टोलीले गरेको चेकजाँचका क्रममा ७ हजार किलो चामलसहित एक मिनी ट्रक नियन्त्रणमा लिएको छ । प्रसौनीबाट चितवनतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ क २२४१ नम्बरको मिनी ट्रकबाट ५ लाख ८८ हजार रुपैयाँ बराबरको चामल नियन्त्रणमा लिइएको बारा प्रहरीले जनाएको छ ।भिसिटिएस बिलमा परिमाण र मूल्य फरक रहेकोले पक्राउ गरिएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जनाए । पक्राउ गरिएका चामलसहित मिनि ट्रक आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाइएको प्रहरी प्रवक्ता न्यौपानेले जनाएको छ ।

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्युटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरु................

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा

# पृथ्वीनारायणको दिव्योपदेशको प्रामाणिकता र सान्दर्भिकता कति ?

वि.सं. १८०१ आश्विन १५ गते पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गरी विजय गरेर नेपाल एकीकरणको सुरुवात गरे। नुवाकोट त्यतिबेला कान्तिपुर राज्यअन्तर्गत थियो ।

नुवाकोट जितिसकेपछि त्यहीँ उनले राजधानी बनाएका थिए । विं सं. १८२५ आश्विन १३ गते कान्तिपुर माथि विजय नभएसम्म राजधानी नुवाकोटमै रह्यो। पछि काठमाडौँमा राजधानी रहेता पनि वि.सं. १८३१ माघ १ गते पृथ्वीनारायणको मृत्यु नुवाकोटको देवीघाटमा हुन पुग्यो । यसैले नुवाकोटेहरू कतिले पृथ्वी नारायणको जन्मभूमि गोर्खा भएता पनि कर्मभूमि नुवाकोट हो भनेको पनि पाइन्छ । वास्तवमा यो कुरा सत्य पनि देखिन्छ । नुवाकोट जितिसकेपछि पृथ्वीनारायणलाई कान्तिपुर, भक्तपुर र पाटन जित्न करिब २५ वर्ष लागेको थियो। वि.सं १८२६ मार्ग १ गते भक्तपुर विजय गरेको केही सालपछि उनी पश्चिमतिरको अभियानमा लागे । सुरुमा केही सफलता प्राप्त भएता पनि निकै नोक्सान सही गोर्खालीहरु त्यहाँबाट धपिन बाध्य भए। त्यसपछि उनी पूर्वको अभियानमा लागे, अपेक्षाकृत सजिलैसँग टिष्टासम्म पृथ्वीनारायणको राज्य पुग्यो ।

पश्चिममा चेपेसम्म उनका पुर्खा द्रव्य शाहले पहिले नै जितिसकेका थिए। ५२ वर्षको उमेर मा पश्चिमपट्टिको अभियान गर्न भनेर नुवाकोटमा पुगेका बेला पृथ्वी नारायण अकस्मात बिरामी भए । तात्कालिक पर्वतका राजाले लेखेको चिठीले पनि यो कुरा पुष्टि गर्छ । उनले लेखेका छन्, 'गोर्खाका राजा हामीमाथि दागा राखी हामीलाई हेल्न भनी नुवाकोटसम्म आइपुग्या थिया । भगवत इच्छा त आफैँ हेलिया ।' यसरी पृथ्वी नारायण शाहको उपदेशमा आएका विषयले तात्कालीक परिवेश बोल्छन् र यो प्रामाणिक हो भन्ने पुष्टि गर्छन् । बिरामी भए पनि मेधावी स्वभावका उनी त्यति आत्तिएनन् ।

त्यतिबेला उनले आफ्ना भाइभारदार मुख्यमुख्य मान्छेलाई राखेर भनेका कुरालाई कसैले भाषण भने, कसैले वक्तव्य भने, कसैले विभिन्न नाम दिए, अहिले त्यसलाई दिव्योपदेश भनिएको छ ।

असनबाट मछिन्द्रबहाल जानेतिर तिलङ्गा घर छ, जसलाई काजी अभिमानसिंह बस्न्यातले वि.सं. १८३३ मा बनाएका हुन् । अभिमानसिंहका वंशज बखतमानसिंहले पुर्ख्यौली सोही घर मा पृथ्वीनारायणको उपदेश भेटाए । बखतमानसिंहको भनाइ अनुसार, उनको घरको कारिन्दा कुनै नेवारले यो उपदेश पाएका थिए । बखतमानसिंहले उपदेशको पाण्डुलिपि पाएपछि प्रचार हुन थाल्यो। पछि उनले समुचित मूल्य लिएर त्यसलाई पुरातत्त्व विभागलाई समर्पण गरे । त्यो प्रति अहिले राष्ट्रिय अभिलेखालयमा छ। पृथ्वीनारायणले आफ्नो शासनकालमा अत्यन्त महत्त्वपूर्ण ठानेका कुराहरू यस उपदेशमा आएका छन्। उपदेशमा उनले आफ्नो बाबुको नाम पनि लिएका छैनन्। तर जुन भाइहरूको परिश्रमले गरेर उनको राज्य जोडियो, यस सम्बन्धमा उनले हामी तीन खोपीका पाँच पाण्डवको अवतार भयाको थियौँ भनेका छन्। उपदेशमा उनले आफ्नो दोस्रो विवाहको उल्लेख गरेका छैनन्। पहिलो विवाह अर्थात् मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको असफल विवाहको बारेमा उनले उल्लेख गरेका छन् ।

विवाहपछि मकवानपुरेहरूले हेपेको अनुभूति भएपछि आफ्ना पुर्खाले गर्न खोजेको नेपाल एकीकरणको भावना उनीमा अझ बढी आएको देखिन्छ। कतिले पृथ्वीनारायणको दिव्योपदेशलाई नक्कली भनिरहेका छन् । कोही कोही अलिकति बढी विद्वान् भनिएकाले त रणबहादुर वा राजेन्द्रविक्रमको पालामा लेखियो होला भनेका छन् । अहिले हुँदाहुँदा राजा महेन्द्रकै पालामा लेखियो भन्नेहरू पनि आइसकेका छन् । पृथ्वीनारायणप्रति दुराग्रह राख्नेहरू र आफू कुन भुइँमा छु भन्ने नबुझेका मान्छेले यस्तो भनिरहेका छन् ।पृथ्वीनारायणले आफ्नो शासनकालमा गरेका काम र आफूले इछ्याएका कामको उल्लेख समेत उपदेशमा आएका छन् । जस्तो : उनी भन्छन् – चीन बादशाहसित ठुलो घा राख्नु । उनले तिब्बतलाई पनि चीनअन्तर्गत पारेर कुरा गरेका छन्। दक्षिणपट्टि के भन्छन् भने– दक्षिणको बादशाहसित ठुलो घा त राख्नू, तर त्यो महाचतुर छ, एक दिन आउन्या छ । यसै गरेर किल्ला कसरी राख्ने, अङ्गेजलाई कसरी हराइयो, मुसलमानी सेनालाई कसरी हराइयो आदि उल्लेख गरेका छन् । उनले आर्थिक नीतिका कुरा पनि गरेका छन् । घुस खान्या र घुस लिन्या राज्यका शत्रु हुन् भनेका छन् ।

यस्तै, उनले अदालतको पैसा दर बारमा नहुल्नु भनेका छन् । अदालतमा जो दण्ड गरिएको हुन्छ, त्यस्तो पैसा पातक हुन्छ। अर्को कुरा राजाले पनि प्रजालाई दण्ड गररै असुल्ने प्रवृत्ति बढ्छ। त्यसैले यस्तो पैसा पाठ-पूजामा वा योगी-संन्यासी आदिलाई दिनु, त्यसले गर्दा कुनै दोष लाग्दैन भनेका छन् । यस्तै उनले खानी भएको ठाउँ र खेती हुने ठाउँ नमास्नू भनेका छन्। यसरी उनले जति बुझेका थिए, ती किसिमको उपदेश उनले दिएका हुन् । उनको उपदेश उनीपछि लगत्तै लागू भएन ।

आफूपछिका उत्तराधिकारीले जान्दैनन् र गर्न सक्दैनन् कि भन्ने उनको मनमा शंका उब्जेरै उपदेश दिएका हुन् जस्तो देखिन्छ । उनी भन्छन्– बूढा मरै भाषा सरै भनी भन्छन्, तिमीहरू सबैछेउ सुनाइगयाको भया तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाऊन र यो राज्य थामी खानन्। उनलाई आफ्नो राज्यको र आफ्नो सन्तानको पनि माया छ । उनले आफ्ना छोरा तथा उत्तराधिकारी युवराज प्रतापसिंह शाह राजकाजका निमित्त योग्य छैनन् भन्ने देखेका थिए । आफ्नो छोरो तन्त्रमन्त्रमा लागेको र पाटनकी नेवार्नीको वशमा परेको कुरा उनलाई थाहा थियो । तर उनले बहादुर शाहलाई राज्य दिन सक्ने प्रचलन थिएन । पृथ्वी नारायणलाई जति कष्ट थियो, प्रतापसिंहलाई त्यति थिएन, प्रतापसिंहको पालामा पनि एकीकरण अभियान बढेन । पछि रणबहादुर शाह ठुला भए, उनले कहिले विधवा बाहुनीपट्टिको सन्तानलाई उत्तराधिकारी बनाउने, कहिले २३ वर्षमै बुढो भएँ भनेर राज्य छाड्ने, कहिले फेरि म राज्य गर्छु भन्ने, कहिले जोगी भएँ भन्ने आदि गरे ।

यसले गर्दा नेपालको एकीकरण केही काल रोकियो । यदि पृथ्वीनारायणकै नीतिअनुरूप चलेर नेपाल एकीकरण नरोकिएको भए, वि.सं. १८७१-७२ को नेपाल-अंग्रेज युद्ध हुने बेलासम्म नेपाल अझ बढी बलियो भइसकेको हुन्थ्यो ।यहाँले प्रश्न गर्नुभयो, पृथ्वी नारायणका उपदेश उनकै शासनकालमा लागु भए कि भएनन् ? अघि नै आयो कि पृथ्वीनारायणले अदालतबाट उठेको पैसा राजकीय कोषमा नराख्नू, दानधर्ममा लगाउनू भनेका थिए । वि.सं. १८२६ को पृथ्वीनारायण शाहको लालमोहर पाइएको छ, त्यसमा पण्डु ब्राह्मणको अपुतालीलाई पृथ्वीनारायणले गोरखनाथ मठलाई दिएका छन् । यस्तै गरेर पृथ्वीनारायणले आफ्नो राज्यमा समसामयिक परिवर्तन पनि गर्दै जान्थे ।

एकपटक उनले आफ्ना मामा (पाल्पाली राजकुमार उद्धोत सेन)सँग सल्लाह लिएका थिए। उनलाई मामाले सोधे- भाञ्जा तिम्रो पल्टनमा कुन कुन जातका सैनिक छन् ? पृथ्वी नारायणले बाहुन, खस, मगर र ठकुरी आफ्ना सैनिक रहेको बताउँदै सोध्छन्- यीमध्येमा कसलाई सेनापति दिँदा उत्तम होला ? मामाले पृथ्वीनारायणलाई सल्लाह दिन्छन्- बाहुन भनेको बयल हो, बयललाई मार्‍यो भने पातक लाग्छ। ठकुरी भनेको सिंह हो, अलिकति केही भयो भने पछिल्तिर फर्केर क्षति पुर्‍याउँछ। मगर भनेको टाँगन घोडा हो, बिस्तारै हिँड्छ । खस भनेको ताजी-तुर्की घोडा हो, त्यो फूर्तिसाथ हिँड्छ । त्यसैले सैन्यको मूल आदिपत्य चाहिँ खसलाई नै दिनु राम्रो हुन्छ ।

पृथ्वीनारायणले दिव्य उपदेशको पछिल्लो भागमा बाहुनको ठाउँमा गुरुङ राखेका छन् । यसको अर्थ बाहुनबाट भन्दा गुरुङबाट सैन्यको काम बढी हुन्छ भन्ने भावना उनलाई आएको देखिन्छ । यसरी पृथ्वीनारायणले आफ्ना केही नीतिहरू आफ्नो शासनकालमा पनि लागू गरेका थिए । अहिले पृथ्वीनारायणले उपदेशमा भनेअनुरूप सबै देश, काल र परिस्थति मिल्ने होइन, यसमा समसामयिक परिवर्तन गर्ने हो भने नेपालको उन्नतिका लागि आधार भूत ग्रन्थ यो बन्न सक्छ भन्ने मलाई लाग्छ ।पृथ्वीनारायण शाह दानव पनि होइनन् देवता पनि होइनन्। अहिले कतिले पृथ्वीनारायणलाई देवत्वकरण गर्ने ढङ्गले कार्यक्रम गरिरहेका छन् ।

कतिले पृथ्वीनारायणको दिव्योपदेशलाई नक्कली पनि भनिरहेका छन् । कोही कोही अलिकति बढी विद्वान् भनिएकाले रणबहादुर वा राजेन्द्रविक्रमको पालामा लेखियो होला भनेका छन्। अहिले हुँदाहुँदा राजा महेन्द्रकै पालामा लेखियो भन्नेहरू पनि आइसकेका छन्। पृथ्वीनारायणप्रति दुराग्रह राख्नेहरू र आफू कुन भुइँमा छु भन्ने नबुझेका मान्छेहरूले यस्तो भनिरहेका छन् ।वि.सं. १९९२ को दार्जिलिङबाट छापिएको सूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाह पुस्तकमा पृथ्वीनारायणको उपदेशको उल्लेख भइसकेको छ । अहिले पृथ्वीनारायणले उपदेशमा भनेअनुरूप सबै देश, काल र परिस्थति मिल्ने होइन, यसमा समसामयिक परिवर्तन गर्ने हो भने नेपालको उन्नतिका लागि आधार भूत ग्रन्थ यो बन्न सक्छ भन्ने मलाई लाग्छ ।

यहाँले जो प्रश्न गर्नुभयो, पृथ्वीनारायणको उपदेशलाई उनका भावी सन्तानले माने त ? यसमा के भयो भने उनका छोरा प्रतापसिंह विरोधी भए। नाति रणबहादुर अढाइ वर्षमा राजा भएका थिए, ती पनि मूर्ख खालका थिए। त्यसपछि डेढ वर्षमा राजा भएका गीर्वाणयुद्धविक्रमले के गरून् ? १९ वर्षको उमेरमै बिफरले उनको निधन भयो । गीर्वाणयुद्ध १८५४ सालमा विधवा बाहुनीबाट जन्मिएका हुन्। त्यसबेलाको सामान्य नियम अनुसार उनी राजगद्दीका लागि योग्य होइनन्। उनका सौतेनी आमाका छोरा वि.सं. १८५१ मा जन्मेका रणोद्धत शाह र वि.सं. १८५२ मा जन्मेका समरशेर शाह त थिए, उनीहरूले राज्य पाएनन्। तीन वर्षमा राजा भएका राजेन्द्रविक्रमबाट पनि अपेक्षा गर्न सकिँदैन । यसपछिका सुरेन्द्र

बाँकी तेस्रो पृष्ठमा........

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

बारागढि गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

# मधेसमा शीतलहरले अत्यधिक चिसो :जनजीवन प्रभावित

धनुषा, २८ पुस :

विगत केही दिनदेखि तराई मधेसका जिल्लामा शीतलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढेको छ। मधेस प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा जिल्लामा अत्यधिक मात्रा बाक्लो कुहिरोसँगै चिसो बढेको छ। शीतलहरका कारणले बालबालिका, वृद्ध वृद्धा, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा मजदुर वर्ग बढी मात्रामा प्रभावित बनेका छन्।

चिसोका कारणले दम तथा रुघाखोकीका बिरामीको सङ्ख्या बढेको छ। उपचारका लागि स्वास्थ्य संस्था आउने सङ्ख्यामा समेत वृद्धि भएको प्रादेशिक अस्पताल जनकपुरधामले जनाएको छ। प्रादेशिक अस्पताल जनकपुरधामका वरिष्ठ बालरोग विशेषज्ञ डा जामुनप्रसाद सिंहले अत्यधिक चिसो बढेसँगै बालबालिकामा रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य समस्या अत्यधिक मात्रामा देखिन थालेको जानकारी दिनुभयो। चिसो अत्यधिक मात्रामा बढेपछि विद्यालयमा विद्यार्थीको उपस्थिति घट्न थालेको छ। धेरैजसो विद्यालयमा जाडो बिदा दिइएको छ। शीतलहरका कारणले सानासाना विद्यार्थी प्रभावित हुन थालेको भन्दै जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गरिएको छ। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीद्वारा जारी सूचनामा यही पुस २९ गतेदेखि माघ ९ गतेसम्म नगर क्षेत्रका सम्पूर्ण विद्यालयमा जाडो बिदा दिने निर्णय गरिएको उल्लेख छ। शीतलहरसँगै चिसो हावाको कारणले जाडो अत्यधिक मात्रामा बढेसँगै प्रमुख बजार र ग्रामीण भेगमा चहलपहल घटेको छ। यस क्षेत्रमा लाग्ने बाक्लो कुहिरोका कारणले ग्रामीण क्षेत्रमा यातायातका साधन चलेका छैनन्। ग्रामीण भेगमा दाउरा नहुँदा स्थानीय गोबरको गुइँठा, परालको जोहो गर्न लागेका छन्।

बाक्लो कुहिरोका कारणले तेलहन, दलहन, आलु खेतीलगायतमा नकारात्मक असर पर्नुका साथै पशु चौपायाह पनि प्रभावित हुन थालेका छन्। आइतबारदेखि हुस्सु लाग्ने क्रम बढेको छ। घाम लाग्न छोडेको छ। लगातारको चिसो सिरेटोले गाईवस्तुको आहार जुटाउन र स्याहारसम्भार गर्न कठिन भएको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैयाका राम विलास यादवले बताउनुभयो।

# पृथ्वीनारायणको दिव्योपदेशको......................

विक्रमलाई स्वयं जंगबहादुरले राजा बनाइदिएका हुन्। राणाकालमा र ाजाहरूबाट अपेक्षा गर्न सक्ने अवस्था थिएन। राणाकालमा पृथ्वीनार ायणको उपदेशलाई कुनै महत्त्व दिइएन। २००७ सालको परिवर्तनपछि योगी नरहरिनाथको पहलमा पृथ्वीजयन्ती मनाउन थालियो। पछि बिस्तारै कहिले पुरातत्व विभागले, कहिले गाउँ फर्क अभियानले, पछि प्रज्ञा प्रतिष्ठानले विभिन्न किसिमले पृथ्वीजयन्ती मनाउन थाले। पृथ्वीनारायणको गुणदोष परीक्षण गरेर जयन्ती मनाउन थालिएको थिएन।

राजाहरूले पनि आफ्ना पुर्खाले बनाइदिएको राज्यमा हकदाबी खोजेका मात्रै हुन्। पृथ्वीनारायणले कति काम राम्रो गरे, कति काम र ाम्रो गरेनन् भनेर युनिभर्सिटीहरू र प्रज्ञा प्रतिष्ठानले अनुसन्धान गर्नुपर्छ ।गणतन्त्रमा आएर पृथ्वीनारायणको सालिक तोड्ने, उनको विरोध गर्ने कुरा भए। अहिले हामीले विचार गर्नुपर्ने कुरा के हो भने नेपाल चाहिँदैन भनेको खण्डमा पृथ्वीनार ायणलाई बिर्से हुन्छ, जबसम्म हामीलाई नेपाल चाहिन्छ, तबसम्म हामीले पृथ्वीनारायणलाई पूर्ण रूपमा सम्झनैपर्छ। हामीले यो पनि सम्झनुपर्छ कि पृथ्वीनारायणले गर्दा नै हामी आजको नेपाल देशमा नेपाली भएर रहेका छौँ।

अर्को कुरा, पृथ्वीनारायणमा पनि कमी-कमजोरी होलान्। उनले कमी-कमजोरी गरेका कारणले पनि हाम्रो एकीकरण अभियानले जुन गति लिनुपर्थ्यो, त्यो हुन सकेन होला। यतातिर केलाउनमा पनि हाम्रो प्रवृत्ति जानुपर्छ ।पृथ्वीनार ायण शाहले कीर्तिपुरेको नाक काटेकामा कुनै सन्देह छैन।

उनले १८२२ चैत्र ३ गते कीर्तिपुर जिते। यसपछि उनले १८२२ चैत्र २७ गते केही कीर्तिपुरेका नाक काटेको देखिन्छ। उनले यसो नगरेको भए सुनमा सुगन्ध हुने थियो। कुनै पनि विजित देशमा पृथ्वीनारायणले जति कम अत्याचार गरेको पाइँदैन। पृथ्वीनारायणले भक्तपुर जितेपछि त्यहाँका जनताले भनेका छन्– रणजित मल्ल जुजु हुँदा महँगी थियो, पृथ्वी नारायण जुजु भएपछि सस्तो भयो। कीर्तिपुरमा पृथ्वीनारायण दुई-दुईपटक पराजय भएका थिए। कीर्तिपुरसँगको लडाइँमा काजी कालु पाँडेको मृत्यु भएको थियो भने भाइ सुरप्रतापको एक आँखा घाइते भएको थियो।

यस कारण पृथ्वी नारायण कीर्तिपुरमा अलि उत्तेजनामा गए। पृथ्वीनारायणका दरबारिया कवि ललितावल्लभले वि.सं. १८२७ मा लेखेको कवितामा पनि नाक काटेको प्रसङ्ग आएको छ। नेपाली भएर बाँच्न पृथ्वीनार ायणको सटीक मूल्याङ्कन गरौँ, उनलाई देवता अथवा दानव नबनाऔँ। (इतिहासकार तथा प्राज्ञ दिनेशराज पन्तसँग र ातोपाटीकर्मी ध्रुवसत्य परियारले गरेको कुराकानीमा आधारित ।)

# बारामा..........

ठाडो चुनौति दिई प्रत्येक चोट्टि झार फुक र जन्तर औषधि दिएर पाँच हजार ठग्ने देखि महिलाको अस्मिता लुटने घटनाको पर्दाफास भएको छ।

चेतनाको अभावमा जानी नजानी रुढीवादिले जादु टुन्नाको अन्धिश्वासमा क्यौंले यस्ता घटनाको सिकार भएका छन्। बलात्कारी मण्डललाई कड्डा भन्दा कड्डा कार्यवाही होस्। छोरीले न्याय पाउनु पर्छ भन्दै पिडित परिवारले गुहार मागेका छन्।

# बारागढी गाँउपालिका...............

पासवान, बिरगंजमहानगरपालिकाका अधिकृत शम्भु पासवान, पत्रकार सिकेन्द्र पासवान, पासवानका अगुवाहरु रामशरण पासवान, रुपनार ायण पासवान, मोहनपासवान, उपेन्द्र पासवान, सुखी टोल निवासीपुर्व गाबिस उपाअध्यक्ष बिरेन्द्र चौधरी, एमालेमा नेताभागरिथ चौधरी, लोसपाका नेता रामाकान्त चौधरी लगायतकाले आफनो बिचार ब्यक्तगर्दै अधिकार प्राप्तीकालागि एक जुट भई आफना छोराछोरीहरुलाई शिक्षादिक्षाप्रदान गराउने कुमा जोड दिएकाथिए। भेलाबारागढी गाँउपालिका स्तरिय पासवान( दुसाद ) समाज गठन समेत गरेको छ।

समितिको अध्यक्षमाजगदिस पासवान, उपाअध्यक्षदुलार पासवान, सचिवमा बिरोधीपासवान, सहसचिवमातुलसीपासवान, कोषाअध्यक्षमाललितापासवान सर्वसहमतनिर्वाचितभएकी छिन। सदस्यहरुमा रामएकवाल, बिजय, रामचन्द्र, मनोज, चन्देश्वर, बिसुन, बृजकिशोर, श्राद्धा र सोभन पासवान निर्वाचितभएका छन।

# नेपालमा हिन्दी भाषाका.............

धाराको उपधारा २ मा ‘नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ’ भन्ने उल्लेख छ। यस्तै उपधारा ३ मा ‘भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ’ भन्ने उल्लेख छ। यसरी उपधारा ३ को प्रावधानले भोलिका दिनमा विभिन्न किसिमको समस्या सिर्जना गर्ने र अन्ततः एक भाषाकै नीति प्रदेशमा पनि लागू हुने निश्चित छ।

नेपालको संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मानिएको छ। यस्तो अवस्थामा यहा“का सबै जातजाति एवं भाषाभाषीले आफ्नो भाषा एवं संस्कृतिको संरक्षण एकनासले गर्न पाउनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन। नेपालमा नेपालीपछि सर्वाधिक बोलिने, बुझिने र व्यवहारमा आउने भाषा हिन्दी नै हो। हिन्दीलाई विदेशी भाषा भनेर यसको स्वीकार्यता, आवश्यकता, महत्त्व एवं सान्दर्भिकतालाई औचित्यहीन साबित गर्न सकिँदैन। २००७ सालसम्म एउटा क्याम्पस र स्कुल मात्रै थियो र त्यसको परीक्षाको सञ्चालन पनि पटना विश्वविद्यालयमार्फत हुने गरेको थियो। स्वाभाविक रूपमा त्यतिबेला हिन्दी भाषा नेपाली विद्यार्थीका निम्ति अनिवार्यजस्तै हुन गएको थियो।

राणाशासक पनि तराईवासीसँग हिन्दी भाषामै कुराकानी गर्न रुचाउँथे।विश्वका अन्य कतिपय देशका भाषाले भौगोलिक सीमालाई नाघी अन्य देशमा मान्यता प्राप्त गरेको अनेकौँ उदाहरण छन्। अङ्ग्रेजी भाषा त विश्वकै भाषा बन्न गएको छ। हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि भारतको संविधानले मान्यता दिएको छ। अर्को देशको भाषालाई आत्मसात गर्दा कुनै देशको सार्वभौमिकता र अखण्डतामाथि खतरा आएको उदाहरण आजसम्म हेर्नमा आएको छैन।

अरबी भाषा, साउदी अरबको भाषा हो तर अल्जेरिया, इराक, कुवेत, लेबनान, सिरिया, मोरक्को, ओमान, कतार, सुडान, ट्युनेसिया, यमन र युएईजस्ता दर्जनौँ राष्ट्रले यसलाई आफ्नो राष्ट्रभाषा बनाएका छन्।स्पेनिस स्पेनको भाषा हो तर भेनेजुयला, पेरु, पाराग्वे, पनामा, निकारागुवा, मेक्सिको, क्युबा, चिली, ग्वाटेमाला र ब्राजिलको भाषा पनि स्पेनिस नै हो। फ्रेन्च फ्रान्सको भाषा हो तर बेल्जियम, कङ्गो तथा आइभरकोस्टको भाषा पनि फ्रेन्च नै हो। जर्मन चाहिँ स्विट्जरल्यान्डको प्रमुख भाषा हो। ग्रिक साइप्रसको भाषा हो, जब कि ग्रिस देशको स्थापना नै भाषाकै नाममा भएको हो। पोर्चुगलको भाषा पोर्चुगिस हो तर यो अल्जेरिया, ब्राजिल र मोजाम्बिकको भाषा बन्न गएको छ। बङ्गाली भाषा बङ्गलादेशको राष्ट्रभाषा हो, जब कि यसको राष्ट्रिय गीतकै रचनाकार भारतीय कवि हुन्। बङ्गाली भाषाका प्रायः सबै विद्वान् एवं कविहरू भारतीय नै हुन्। २०१७ सालसम्म नेपालमा हिन्दीको उच्च स्थान थियो र यसको सान्दर्भिकता अहिले पनि छ। नेपालमा राणाविरोधी आन्दोलन होस्, पुँजीपति तथा जमिनदारविरोधी किसान आन्दोलन होस् अथवा २०४६ सालको पञ्चायतविरोधी आन्दोलन होस्, सबैमा हिन्दी भाषाका पर्चा, पोस्टर, नारा, कविता र साहित्यले ठूलो सहयोग गरेको थियो, तसर्थ कवि, लेखक, विद्वान र साहित्यकारको आफ्नो भौगोलिक सीमा नभएजस्तै भाषाको पनि कुनै भौगोलिक सीमा हुँदैन। नेपालमा हिन्दी भाषाको महत्त्व र सान्दर्भिकता छ।

# जनताको गुनासो सम्बोधन हुन्छ : मन्त्री ज्वाला

राष्ट्रिय समाचार समिति (रासस)
चितवन, २८ पुस :

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पूर्वपश्चिम रेलमार्ग निर्माणका क्रममा जनताका गुनासो सम्बोधन गर्दै सरकार अघि बढ्ने बताउनुभएको छ। यहाँ आज पत्रकारसँग कुरा गर्दै उहाँले रेलमार्ग अध्ययनका क्रममा बस्तीमा परेको भन्दै जनता आन्दोलित बनेको विषयमा सर्वपक्षीय छलफलबाट समस्याको समाधान निकाल्ने बताउनुभयो। उहाँले भन्नुभयो, “जनताको गुनासो सम्बोधन गरेर अघि बढ्छौँ।” तत्काललाई अध्ययनको काम रोकिएको उहाँले जानकारी दिनुभयो। जनताको असन्तुष्टि गुनासाका विषयमा आफ्नो ध्यानाकर्षण भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “आज हामी यहाँको अवस्था केहो, के कति क्षति हुन्छ भन्ने विषयमा छलफलबाट निष्कर्ष निकाल्ने छौँ।” जनप्रतिनिधि, दलका प्रतिनिधि र सरोकारवालाबीच शनिबारै छलफल गरिने उहाँले बताउनुभयो।

पूर्वपश्चिम रेलमार्गाको रेखाङ्कनको विषयमा आफूहरू छलफलका क्रममा रहेको उहाँले बताउनुभयो। विवाद आइसकेपछि काम अहिलेका लागि स्थगित गरिएको उहाँको भनाइ छ। वास्तविकता के हो र यसबाहेकका विकल्प के हुनसक्छ भन्ने विषयमा छलफल गरेर जनताको गुनासो सम्बोधन हुने उहाँले बताउनुभयो। फरक प्रसङ्गमा मन्त्री ज्वालाले सडक निर्माणका लागि बजेटका कारण समस्या भएको बताउनुभयो। सडक निर्माणका लागि पर्याप्त बजेट नहुँदा आयोजना तीव्र रूपमा अघि बढ्न नसकेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “रु ३७ अर्ब बजेट घटाइएको छ, बजेट घटेपछि स्वाभाविकरूपमा आयोजना प्रभावित भएका छन्।” बजेटको अभाव र निर्माण व्यवसायीको ढिलाइले समेत समस्या भएको उहाँको भनाइ थियो। यी समस्या समाधान गर्दै अघि बढेको उहाँले बताउनुभयो। बजेटका विषयमा अर्थ मन्त्रालयसँग छलफल गर्दै देखिएका समस्या समाधान गर्दै मन्त्रालय अघि बढेको उहाँले बताउनुभयो।

जाडोको समयमा चिसो बाट बचौ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।

करैयामाई गाउँपालिकाको
कार्यालय ,करैया ,बारा

शुभम सन्देश National DAILY दैनिक

जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सिम्रौनगढमा एक हजार कुखुराको चल्ला नष्ट



**सिम्रौनगढ सम्वाददाता ।** बाराको सिम्रौनगढ नगरपालिकाको सिमावर्ती गाउँबाट पक्राउ गरी ल्याएको कुखुरा चल्ला सशस्त्र क्याम्प बीओपी गोलागन्जको प्राङगणमा नष्ट गरिएको छ। सिम्रौनगढ वाडा नम्बर ६ स्थित अमरपुर टोल नजिक नाकाबाट सशस्त्र प्रहरीले कुखुराको चल्ला बरामद गरिएको थियो। भारत बाट अवैध रुपले नेपाल भित्राइएको कुखुराको चल्ला सशस्त्र प्रहरीको गस्ती टोलीले पक्राउ गरेको छ। साईकलमा राखेर एक हजार कुखुरा को चल्ला ल्याउदैँ गरेको अवस्थामा बरामद गरेको प्रहरीले जनाएको छ। बरामद चल्लाहरु स्थानीय जनप्रतिनिधी, कर्मचारी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रतिनिधि र सञ्चारकर्मीको रोहवरमा खाल्डो खनेर नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

# बारागढी गाँउपालिका४ सुखी टोलमा पासवान(दुसाद )समाजको बृहत भेला सम्पन्न



**कलैया २८ पुस**

जिल्लाको बारागढी गाँउपालिका वडा नमबर ४ सुखी टोलमापासवान( दुसाद ) समाजको बृहत भेला सम्पन्नभएको छ। भेलालाई सम्बोधनगर्दै पासवान समाज रौतहटका सल्लाहकार मटुक पासवानले राज्यले पासवानलाई हर्ने दृष्टिकोण फरक रहेको बताए।

सरकारले पासवानहरुलाई उपेक्षा गरेको भन्दै राज्यको प्राथमितामा र ख्नुपर्ने धारणा ब्यक्त गरेका थिए। समाजमाअहिलेपनिपासवान समुदायकाब्यक्तिहरु मथिबिभिन्नलक्षनालगाई बिभेद गरि रहेको बताए। धेरै सार्वजनिक मठमन्दिरहरुमा अहिले पनि दुसाद समुायका ब्यक्तिहरुलाई प्रवेश गर्नमा रोक लगाई जातियविभेद गरिरहेको कुरामा जोड दिएका थिए। राज्यले जातिय छुवाछुतलाई डण्डणिय अपराधको रुपमा संविधानमा नै व्याख्या गरेको भएपनि ब्यवहारमा स्थानिय सरकारले लागु नगराउदा जातियविभेदका घटनाले अझै जडो गाडी रहेको प्रमुख अतिथी पासवानले भने।समाजको बारा निर्वाचन क्षेत्र नम्बर १ का अध्यक्ष गजेन्द्र पासवानको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा रौतहट जिल्लाअध्यक्षबिगु पासवान, पर्सा जिल्ला अध्यक्ष प्रभु हजरा, पर्साका प्रधायाप्क रबिभुषन

**बाँकी तेस्रो पृष्ठमा........**




# नेपालमा हिन्दी भाषाको महत्त्व र सान्दर्भिकता

नेपालमा हिन्दी भाषालाई विदेशी भाषा ठानेर यसलाई कमजोर पार्ने काम पञ्चायती कालदेखि हुँदै आएको छ। लोकतान्त्रिक शासनको तीन दशकमा पनि यही मानसिकता देखियो। सुरुमा हिन्दी भाषालाई कमजोर बनाउन मैथिली भाषीलाई उचाल्ने काम गरियो र अब मैथिलीलाई कमजोर बनाउन मगही, बज्जिका, थारु र अन्य भाषालाई चर्चामा ल्याउने काम भइरहेको छ। यसको एक मात्र उद्देश्य वडादेखि केन्द्रसम्म एक मात्र नेपाली भाषालाई स्वीकार्य बनाउनु हो।

भाषा, संस्कृति, कला, साहित्य एवं विज्ञान कुनै एउटा भूगोलभित्र सीमित रहन सक्दैन। जुन देशमा जति धेरै भाषा बोलिन्छ, त्यो देश सांस्कृतिक रूपमा त्यति नै धनी र समृद्ध मानिन्छ। नेपालमा हिन्दी र संस्कृत भाषाहरूलाई विदेशी भाषा मान्न सकिँदैन, किनभने यसको उपयोग हाम्रो धर्म-संस्कृति, संस्कार र सभ्यतामा पनि अभिन्न रूपमा हुँदै आएको छ। नेपालमा हिन्दी भाषाको औचित्य र सान्दर्भिकता आज पनि छ। नेपालमा राणा शासनकालमा खासगरी २००७ सालसम्म एउटा क्याम्पस र स्कुल मात्रै थियो र त्यसको परीक्षाको सञ्चालन पनि पटना विश्वविद्यालयमार्फत हुने गरेको थियो। स्वाभाविक रूपमा त्यतिबेला हिन्दी भाषा नेपाली विद्यार्थीका निम्ति अनिवार्यजस्तै हुन गएको थियो।

राणाशासक पनि तराईवासीसँग हिन्दी भाषामै कुराकानी गर्न रुचाउँथे। त्यसपछिका दिनमा देशका अनेकौँ प्रधानमन्त्रीले तराई-मधेसको क्षेत्रमा हिन्दी भाषाको प्रयोग गरेका छन्। हिन्दी भाषा नेपालीका निम्ति पराई भाषा होइन, यो हाम्रो निम्ति नेपालीपछि दोस्रो सम्पर्क भाषाको स्थान ग्रहण गर्ने अवस्थामा छ। प्रत्येक नेपालीले दिनहु" कुनै न कुनै रूपमा हिन्दी भाषाको प्रयोग गरिरहेका छन्। चाहे त्यो माध्यम भजन-कीर्तन, गीत-सङ्गीत, समाचार पत्र, साहित्यिक पत्रिका, धर्मशास्त्र, गजल अथवा हिन्दी भाषाका समाचार, कार्टुन, सिनेमा एवं टीभी सिरियलहरू नै किन नहोस्।

हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि भारतको संविधानले मान्यता दिएको छ। अर्को देशको भाषालाई आत्मसात गर्दा कुनै देशको सार्वभौमिकता र अखण्डतामाथि खतरा आएको उदाहरण आजसम्म हेर्नमा आएको छैन।२००८ सालदेखि देशमा शिक्षा संस्कृतिको क्षेत्रमा पनि जागरण आउन थाल्यो। रेडियो आदि सञ्चारमाध्यममा हिन्दी भाषाको प्रयोग हुन थाल्यो। हिन्दी भाषामा अनेकौँ समाचारपत्र प्रकाशित हुन थाले, साथै यसको विरुद्धमा षड्यन्त्र पनि हुन थाले। यस षड्यन्त्रको जन्मदाताका रूपमा एक अमेरिकी शिक्षा सल्लाहकार (डा. एचबी उड)ले नेपाल सरकारलाई बुझाएको आफ्नो प्रतिवेदनमा प्रस्ट रूपमा लेखेका थिए- संस्कृत मातृभाषा हो। जब कि उनले हिन्दीलाई विदेशी भाषा बताएका थिए। त्यतिबेला यसको चारैतिर उग विरोध भएको थियो। तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले यस अनावश्यक विवादलाई समाप्त पार्ने काम गरे। एकपटक फेरि २०१० सालतिर हिन्दी भाषालाई विद्यालय र क्याम्पसको शिक्षाबाट हटाउने षड्यन्त्र भयो। सम्पूर्ण तराईमा यसको कडा विरोध पनि भयो र यसको प्रतिक्रिया महेन्द्रनारायण निधिको अध्यक्षतामा 'हिन्दी रक्षा समिति'को गठन पनि भएको थियो। त्यस समितिले तराईवासीको अधिकार रक्षाको सम्बन्धमा एउटा ज्ञापन पनि सरकारलाई बुझाएको थियो, जसमा विधिवत रूपमा एउटा प्रस्ताव पारित गरी हिन्दीलाई सम्पूर्ण तराईको प्रतिनिधि भाषा तथा तराई र पहाडबिचको सम्पर्क भाषाको रूपमा स्थान दिइएको थियो। देशमा नयाँ शिक्षा योजना लागू गरिएपछि प्राथमिक स्तरबाटै हिन्दी भाषालाई हटाई नेपाली भाषालाई अनिवार्य माााध्यम बनाउने काम भयो।

जब तल्लो कक्षाबाट नै हिन्दी भाषालाई हटाउने काम भयो, अनि स्वाभाविक रूपमै निम्न माध्यमिक, माध्यमिक तथा क्याम्पसमा हिन्दी भाषा पढ्नेहरूको सङ्ख्या कम हुने नै भयो। बिस्तारै बिस्तारै नेपालका क्याम्पसमा पनि हिन्दी भाषाको पढाइ कम हुँदै गयो। हुन त त्रिभुवन विश्वविद्यालयमा अहिले पनि हिन्दी भाषाको पढाइ हुने गर्दछ, तर त्यसमा पढ्ने विद्यार्थीको उत्साह भने कमजोर हुन्छ। हिन्दी भाषा नेपालमा प्राथमिक कक्षादेखि क्याम्पससम्म प्रचलनमा थियो र नियमित रूपमा यसको पठनपाठनमा रोक नलगाइएको भए यसले नेपालमा नेपालीपछिको दोस्रो राष्ट्रभाषाको स्थान पनि ग्रहण गरिसकेको हुने थियो। नेपालमा प्रायः सबैजसो ठुला साहित्यकार, कवि एवं पूर्वप्रधानमन्त्रीहरू, स्व. बीपी कोइराला र लोकेन्द्रबहादुर चन्दले पनि हिन्दी भाषामा उत्कृष्ट रचना गरेका छन्। हिन्दी भाषालाई विदेशी भाषाको रूपमा प्रचारप्रसार गर्ने तथा हिन्दीविरोधी जनमत बनाउने तथा भारतलाई विस्तार वादी भएको आरोप लगाउने हाम्रो देशका कथित राष्ट्रवादीहरू भार तीय भूमिमा पाइला टेक्नेबित्तिकै आफ्नो राष्ट्रियतालाई बिर्सिदिन्छन् र अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजीमा बोल्नुको सट्टा हिन्दी भाषामै बोल्न थाल्छन् किनभने भारतीय सीमामा प्रवेश गर्नेबित्तिकै रिक्साचालक, बस कन्डक्टर, रेल-वे प्लेटफार्म तथा रेल-वेका कर्मचारी तथा रेलका सहयात्रीसँग हिन्दी भाषामै कुराकानी गर्ने गर्छन्।

देशभित्र जुन भाषालाई घृणा गर्दछ, भारतमा गएर त्यही भाषालाई आत्मसात गर्छन्। जुन देशमा जति धेरै भाषा बोलिन्छ, त्यो देश सांस्कृतिक रूपमा त्यति नै धनी र समृद्ध मानिन्छ। नेपालमा हिन्दी र संस्कृत भाषाहरूलाई विदेशी भाषा मान्न सकिँदैन, किनभने यसको उपयोग हाम्रो धर्म-संस्कृति, संस्कार र सभ्यतामा पनि अभिन्न रूपमा हुँदै आएको छ। नेपालमा हिन्दी भाषाको औचित्य र सान्दर्भिकता आज पनि छ।हिन्दी भाषा धेरथोर उर्दू भाषासँग पनि मिल्दोजुल्दो खालको हुन्छ। भारतमा ५० लाखभन्दा बढी नेपाली कुनै न कुनै रूपमा जागिर गरेर आफ्नो जीविकोपार्जन गरिरहेका छन्। त्यसैगरी अरब राष्ट्रहरूमा पनि लाखौँको सङ्ख्यामा गएका छन्।

अरब राष्ट्रहरूमा नेपालीले हिन्दी भाषाको प्रयोग नै गरिरहेका हुन्छन्, तसर्थ हिन्दी भाषाको मान्यताले नेपालीलाई भार तसहित अरब राष्ट्र मात्रै होइन, विश्वका अधिकांश देशमा बस्न र जागिर गर्न अपेक्षाकृत सहजता हुनेछ। हिन्दी भाषालाई लिएर हाम्रो देशमा आडम्बर देखाउने काम पनि अलि बढी नै भएको छ। भूतपूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो भारत भ्रमणका दौरान भार तीय पत्रकारले हिन्दीमा प्रश्न सोध्दा उनले हिन्दीमै जवाफ फर्काएका थिए। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले भने अङ्ग्रेजीमै जवाफ फर्काएका थिए। उनै डा. भट्टराई एक रात्रिको विश्राम सिरहाको कुनै दलितको घरमा बिताउनुपर्ने अवस्था आयो, उनले हिन्दी भाषाको प्रयोग गरेका थिए। नेपालमा हिन्दी बोल्दा हीनताबोधको अनुभूति हुने तर भारतमा गएर हिन्दी बोल्दा आफूलाई बहुभाषी विद्वान् ठान्ने आडम्बरका कारण जनता सामु समस्यामा उत्पन्न हुने गरेको छ। विगत साढे दुई दशकदेखि नेपालको संसद्मा हिन्दी भाषा बोलिन्छ।

रेडियो नेपालबाट दिनहु" समाचार पनि प्रसारण हुने गर्दछ, तसर्थ हिन्दी भाषा तराई-मधेस तथा पूर्वी एवं पश्चिम पहाडका जनताका निम्ति मात्रै होइन, पूरै देशको सम्पर्क भाषा बन्ने अवस्थामा छ। नेपाली भाषापछि हिन्दीको स्थान नेपालमा अवश्य पनि छ। राजकीय संरक्षण र सहयोगको अभावमा कुनै पनि भाषा एवं संस्कृतिको विकास हुन सक्दैन। नेपालमा जब-जब नेपाली भाषाको समकक्ष हिन्दी भाषालाई दोस्रो सम्पर्क भाषाको रूपमा मान्यता दिलाउने प्रयास गरिन्छ, अनि क्षेत्रीय भाषाका अभियन्ताहरूलाई उचाल्ने काम गरिन्छ।

यसको परिणामस्वरूप क्षेत्रीय भाषाका केही सीमित अगुवाहरू सरकारी बजेट हात पार्न सफल हुन्छन् तर यसबाट क्षेत्रीय भाषाको विकास भएको पाइँदैन। आजसम्म नेपालीबाहेक अर्को कुनै पनि भाषा एवं साहित्यको उत्थान हुन नसक्नु यसको ठुलो उदाहरण हो। नेपालको संविधानको धारा ६ मा राष्ट्रभाषाको शीर्षकमा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भन्ने लेखिएको छ, जब कि धारा ७ मा सरकारी कामकाजको भाषा सम्बन्धमा 'देवनागिरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ' भन्ने उल्लेख छ। जब कि सोही

**बाँकी तेस्रो पृष्ठमा........**